मन्त्रालय (मन्त्रीस्तर) बाट स्वीकृत मिति २०८०/०६/

# वाणिज्य तथा औद्योगिक प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०

परिच्छेदः १

**१. पृष्ठभूमिः**

उद्योग, पर्यटन तथा यातायात व्यवस्था मन्त्रालय र मातहतका उद्योग बाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालयहरु लगायत मन्त्रालयबाट अख्तियारी प्राप्त निकायहरुबाट सञ्चालन हुने बार्षिक कार्यक्रमहरु कार्यान्वयनमा एकरुपता र सहजता ल्याउन मार्गदर्शनको रुपमा यो बार्षिक कार्यक्रम कार्यान्वयन कार्यविधि तयार गरिएको छ। यो कार्यविधि लुम्बिनी प्रदेशको उद्योग, पर्यटन तथा यातायात व्यवस्था मन्त्रालय र अन्तर्गतका निकायहरुमा लागू हुनेछ।

**१.२ परिभाषाः**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

१. कार्यविधि भन्नाले प्रदेश सरकार लुम्बिनी प्रदेशको उद्योग, पर्यटन तथा यातायात व्यवस्था मन्त्रालय र अन्तर्गतका निकायहरुमार्फत बार्षिक कार्यक्रम कार्यान्वयन गर्न मन्त्रालयबाट स्वीकृत कार्यविधि सम्झनु पर्दछ।

२. मन्त्रालय भन्नाले उद्योग, पर्यटन तथा यातायात व्यवस्था मन्त्रालय, लुम्बिनी प्रदेश सम्झनु पर्दछ।

३. निर्देशनालय भन्नाले उद्योग बाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय सम्झनु पर्दछ।

४. कार्यालय भन्नाले जिल्लास्थित घरेलु तथा सना उद्योग कार्यालयहरुलाई सम्झनु पर्दछ।

५. उद्योग भन्नाले प्रचलित कानून बमोजिम दर्ता भई सञ्चालनमा रहेका उद्योगहरु सम्झनु पर्दछ।

६. फर्म भन्नाले प्रचलित कानून बमोजिम दर्ता भई सञ्चालनमा रहेका प्राईभेट वा साझेदारी फर्म सम्झनु पर्दछ।

७. प्रचलित कानून भन्नाले सङ्घीय सरकार र प्रदेश सरकारबाट निर्माण भै कार्यान्वयनमा रहेका कानूनहरु सम्झनु पर्दछ।

परिच्छेदः २

**बाणिज्य तथा आपूर्ति व्यवस्थापन कार्यक्रम** (३०७०००१६)

यस कार्यक्रमको मूलभूत उद्देश्य स्थानीय व्यापार सम्वन्धी बाणिज्य प्रशासनमा सुधार गरी सेवाग्राहीहरुलाई सरल र सहज तरिकाले सेवा प्रदान गर्नुका साथै उपभोक्ता हकहितका विषयमा जनचेतना अभिबृद्धि गरी उपभोक्ताहरुलाई सहज तरिकाले गुणस्तरीय उपभोग्य बस्तु तथा सेवा उपलब्ध गराउनु रहेको छ। बाणिज्य तथा आपूर्ति व्यवस्थापन कार्यक्रम अन्तर्गतका देहायका क्रियाकलापहरु देहाय बमोजिम सञ्चालन गरिनेछ।



मुख्यमन्त्री

२.१ उद्योग तथा बाणिज्य प्रशासन

उद्योग, पर्यटन तथा यातायात व्यवस्था मन्त्रालय, लुम्बिनी प्रदेश उद्योग बाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय र घरेलु तथा साना उद्योग कार्यालयले उद्योग तथा बाणिज्य फर्महरुको दर्ता, नवीकरण तथा प्रमाणपत्र प्रदान गर्न आवश्यक दर्ता नवीकरण अभिलेख किताव र प्रमाणपत्रको छपाई तथा अभिलेख व्यवस्थापनको लागि आवश्यक स्टेशनरी लगायत अन्य सामाग्री खरिद तथा उद्योग र बाणिज्य प्रशासनसँग सम्बन्धित कार्यमा यस कार्यक्रमबाट खर्च गर्न सकिनेछ।

२.२ स्थानीय तहसँगको सहकार्यमा जिल्लाको कुनै एक दुर्गम स्थानीय तहमा सस्तो पसल सञ्चालनमा सहयोग

यो कार्यक्रम मन्त्रालयबाट स्वीकृत सहुलियत पसल सञ्चालन कार्यविधि, २०८० बमोजिम सञ्चालन गरिनेछ।

२.३ उद्योग तथा बाणिज्य फर्महरुको तथ्याङ्क अपडेट

प्रदेशभित्र सञ्चालनमा रहेका उद्योग तथा बाणिज्य फर्महरुको अभिलेखलाई व्यवस्थित गर्नको लागि घरेलु तथा सना उद्योग कार्यालयहरुले तोकिएको बजेट सीमाभित्र रही खर्च गर्नेगरी सेवा प्रदायक संस्था वा व्यक्तिसँग सेवा करार गरी कार्यालयमा दर्ता रहेका उद्योग तथा बाणिज्य फर्महरुको तथ्याङ्क अध्यावधिक गरी सम्वन्धित निकायमा प्रतिवेदन पेश गर्नुपर्नेछ। यस कार्यक्रमको रकम तथ्याङ्क व्यवस्थापन, आवश्यक फाइलिङ, क्याविनेट तथा दराज खरिदमा समेत खर्च गर्न सकिनेछ।

२.४ बाणिज्य बजार अनुगमन (बजार, खाद्य बस्तु, औषधि तथा प्रयोगशाला, एग्रोभेट, पेट्रोलपम्प लगायत)

व्यापार व्यवसायलाई मर्यादित बनाई उपभोक्तालाई गुणस्तरीय बस्तु तथा सेवा उपलव्ध गराउने उद्देश्यले प्रत्येक महिनामा कम्तिमा २ पटक बजार अनुगमन गरिनेछ। उद्योग, पर्यटन तथा यातायात व्यवस्था मन्त्रालय र उद्योग बाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालयबाट प्रदेशभित्रका जिल्लाहरुमा रहेका बाणिज्य फर्म तथा बजारको अनुगमन गरिनेछ भने जिल्लास्थित घरेलु तथा साना उद्योग कार्यालयबाट आफ्नो जिल्लाभित्रका खाद्यबस्तुहरुको पसल, औषधि पसल तथा स्वास्थ्य प्रयोगशाला, एग्रोभेट तथा पेट्रोलपम्प लगायतको अनुगमन अनिवार्य रुपमा गर्नुपर्नेछ। अनुगमन गर्दा आवश्यकता अनुसार स्थानीय तह तथा स्थानीय प्रशासन लगायतका सरोकारवाला निकाय वा संस्थाहरुसँग समन्वय गरी प्रचलित कानून बमोजिम बाणिज्य बजार अनुगमन गरी सम्बन्धित निकायमा प्रतिवेदन पेश गर्नुपर्नेछ। बजार अनुगमनका लागि आवश्यक उपकरण खरिद गर्न, नमूना संकलन र परीक्षण गर्न तथा अनुगमनमा खटिएका टोलीलाई खाजा, खाना, आवश्यकता अनुसार यातायात खर्च र नियमानुसारको भत्तामा यस क्रियाकलापको रकम खर्च गर्न सकिनेछ।

२.५ विद्यालय तथा समुदायस्तरमा उपभोक्ता उपभोक्ता शिक्षा कार्यक्रम सञ्चालनः

यस प्रदेशभित्रका बाह्र वटै जिल्लामा घरेलु तथा साना उद्योग कार्यालयमार्फत प्रत्येक जिल्लाका स्थानीय तहमा कम्तिमा ५ वटा विद्यालय वा समुदायस्तरमा उपभोक्ता जागरण कार्यक्रम सञ्चालन गरिनेछ। घरेलु तथा साना उद्योग कार्यालयले उपभोक्ता शिक्षा सम्बन्धी चेतनामूलक सन्देशको प्रचारप्रसार

गरिनेछ। यस कार्यक्रमको रकम दैनिक भ्रमण, प्रशिक्षक खर्च, यातायात खर्च, स्टेशनरी सामान खरिद तथा प्रचारात्मक सामाग्री छपाई तथा खाजामा खर्च गर्न सकिनेछ। प्रत्येक विद्यालय वा समुदायमा कम्तिमा २५ जना उपभोक्ता सहभागी गराइनेछ।

**२.६ प्रदेशस्तरीय आपूर्ति संयन्त्र सञ्चालन र माग आपूर्ति विश्लेषण**

प्रदेशस्तरमा अत्यावश्यक बस्तु तथा सेवाहरुको माग र आपूर्तिको अवस्था विश्लेषण गरी आपूर्ति व्यवस्थापनलाई सहज गराउन मन्त्रालयमा गठित प्रदेशस्तरीय आपूर्ति संयन्त्रमार्फत यो कार्यक्रम कार्यान्वयन गरिनेछ। कार्यक्रममा विनियोजित रकम प्रदेशस्तरीय आपूर्ति संयन्त्र सञ्चालनका लागि देहायका बमोजिम खर्च गर्न सकिनेछ।

- नियमानुसारको बैठक भत्ता, अनुगमन भ्रमण खर्च, खाना खाजा, यातायात खर्च, गोष्ठी सञ्चालन खर्च।
- आवश्यक उपकरण खरिद
- सफ्टवेयर सञ्चालन तथा अद्यावधिक खर्च
- सफ्टवेयर सञ्चालनका लागि अभिमुखीकरण कार्यक्रम खर्च (मन्त्रालय, निर्देशनालय, जिल्लास्थित सरोकारवाला कार्यालय, स्थानीय तह)

**२.७ उद्योग तथा बाणिज्य सम्बन्धी जनचेतना अभिबृद्धि कार्यक्रमः (बुलेटिन, ब्रोसर, पम्पलेट, टेलिभिजन, रेडियो, पत्रपत्रिका आदि)**

उद्योग, पर्यटन तथा यातायात व्यवस्था मन्त्रालय, उद्योग, बाणिज्य तथा उपभोक्ता हित निर्देशनालय र जिल्लास्थित घरेलु तथा साना उद्योग कार्यालयहरुले उद्योग तथा बाणिज्य सम्बन्धी कानूनी व्यवस्था, उपभोक्ता शिक्षा लगायतका विषयमा चेतनामूलक सँन्देशहरुको छपाई प्रकाशन तथा विभिन्न सञ्चार-माध्यममार्फत प्रचारप्रसार गरिनेछ।

**२.८ उद्योग तथा बाणिज्य मेला प्रदर्शनीः**

प्रदेशभित्रका लघु घरेलु तथा साना उद्योगबाट उत्पादित बस्तु तथा सेवाको प्रचारप्रसार तथा वजारीकरणमा टेवा पुर्याई आन्तरिक उत्पादनको प्रबर्द्धन गर्ने उद्देश्यले उद्योग, पर्यटन तथा यातायात व्यवस्था मन्त्रालय र जिल्लास्थित घरेलु तथा साना उद्योग कार्यालयबाट यो कार्यक्रम कार्यान्वयन गरिनेछ। उद्योग तथा बाणिज्य क्षेत्रका संघसंस्थाबाट आयोजना हुने औद्योगिक तथा व्यापार मेलामा लघु, घरेलु तथा साना उद्योगहरुबाट उत्पादित बस्तुहरुको प्रदर्शन गर्नको लागि उद्यमी तथा व्यावसायिक संघ/संस्थालाई व्यवस्थापन सहयोग, स्टलभाडा सहयोग, उद्यमीहरुका लागि यातायात तथा खाना/खाजामा खर्च गर्न गरिनेछ। यसरी कार्यक्रममा सहभागी हुने उद्यमीको लागि भ्रमण खर्च नियमावली बमोजिम राजपत्राङ्कित तृतीय श्रेणीसरहको रकम भ्रमण खर्च उपलब्ध गराउन सकिनेछ।

**२.९ उद्योग तथा बाणिज्य फर्महरुसँग गुणस्तरीय बस्तु तथा सेवा विषयक कार्यशालाः**

उपभोक्तालाई गुणस्तरीय बस्तु तथा सेवाको उपलब्धताका लागि उपभोक्ता संरक्षण ऐन तथा नियमावलीमा उल्लेख भएका उत्पादक तथा व्यवसायीहरुका दायित्वहरुका विषयमा उद्यमी तथा व्यवसायीहरुलाई सचेतना अभिबृद्धि गराउने उद्देश्यले प्रत्येक जिल्लामा सञ्चालित उद्योग तथा बाणिज्य

फर्महरुसँग गुणस्तरीय वस्तु तथा सेवा विषयक १ दिने अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ। यो कार्यक्रम देहाय बमोजिम कार्यान्वयन गरिनेछ। कार्यक्रममा प्रस्तुत भएका सुझावहरु समावेश गरी प्रतिवेदन तयार गरी मन्त्रालय र निर्देशनालयमा पेश गर्ने। यस कार्यक्रमको रकम दैनिक भ्रमण भत्ता, बाह्य स्रोत व्यक्तिलाई पारिश्रमिक, यातायात खर्च, स्टेशनरी खर्च, खाना तथा खाजा खर्च, हलभाडा लगायतमा खर्च गर्न सकिनेछ।

**२.१० खाद्यवस्तु तथा अन्य औद्योगिक उत्पादनको गुणस्तर मापन प्रयोगशाला सञ्चालन**

खाद्यबस्तुको गुणस्तर मापन गर्ने प्रयोगशाला स्थापना गर्नका लागि आवश्यक परेमा मन्त्रालयले शहरी विकास तथा भवन डिभिजन कार्यालय, तथा अन्य सम्बन्धित निकायको समन्वयमा उद्योग, पर्यटन तथा यातायात व्यवस्था मन्त्रालयबाट यो कार्यक्रम निम्नानुसार कार्यान्वयन गरिनेछ।

- लागत अनुमान तयार गर्ने,
- सूचना प्रकाशन गर्ने,
- सार्वजनिक खरिद कानून बमोजिम निर्माणकर्ता छनौट गरी सम्झौता गर्ने,
- सम्झौता बमोजिम कार्यसम्पन्न भएपश्चात प्राविधिकद्वारा मूल्याङ्कन गराई अनुगमन गरी निर्माणकर्तालाई रकम भुक्तानी दिने।

## परिच्छेदः ३

## औद्योगिक विकास तथा प्रबर्द्धन कार्यक्रम (३०७०००१७)

यस कार्यक्रमको मूलभूत उद्देश्य उद्यमी बन्न चाहने तथा उद्योगको स्रतोन्नति गर्न चाहनेका लागि उद्यमशीलता विकास तालिम, सीप तथा प्रविधि हस्तान्तरण गर्दै उद्योग तथा उद्यम स्थापना, सञ्चालन तथा स्तरोन्नतिमा सहजीकरण गर्ने, लघु तथा घरेलु उद्योगहरुको प्रवर्द्धनमा सहयोग गर्ने र विशेषगरी कोभिड -१९ को महामारीका कारण उत्पन्न असहज अवस्थामा रोजगारी गुमाई स्वदेश फर्केका र देशमै रही उद्यम गर्ने इच्छा भएका विपन्न, महिला, जनजाति र वञ्चितीकरणमा पारिएका समुदाय समेतलाई उद्यम क्षेत्रमा लगाई स्वरोजगारका अवसर प्रदान गर्नु रहेको छ। औद्योगिक विकास तथा प्रबर्द्धन कार्यक्रम अन्तर्गतका देहायका कार्यक्रमहरु देहाय बमोजिम सञ्चालन गरिनेछन्।

**३.१ प्राकृतिक विपत्ति सहायता कोष**

बाढी, पहिरो आगलागी जस्ता प्राकृतिक विपत्तिबाट क्षति पुगेका उद्योगहरुलाई सहायता उपलब्ध गराई उद्योगको पुनरुत्थानमा सहयोग गर्न मन्त्रालयबाट प्राकृतिक विपत्ति सहायता कोष सञ्चालन कार्यविधि बमोजिम यो कार्यक्रम कार्यान्वयन गरिनेछ।

**३.२ नेपाली हाते कागज स्थापना स्तरोन्नतिमा सहयोग**

क) स्थानीयस्तरमा नेपाली हाते कागज उत्पादन उद्योगको स्थापना तथा स्तरोन्तीका लागि उद्योग सञ्चालन गरिरहेका वा सञ्चालन गर्न ईच्छुक उद्यमीहरुलाई उद्योगको उत्पादन तथा प्याकेजिङमा सहयोग पुर्‍याउँदै नेपाली हाते कागज उत्पादन उद्योगको स्थापना र प्रबर्द्धन गर्न आवश्यक प्रविधि हस्तान्तरण गरिनेछ। प्रविधि (मेसिन उपकरण) हस्तान्तरण गर्दा मेसिन उपकरणको खरिद कूल मूल्यको ८० प्रतिशत रकम कार्यालयले र २० प्रतिशत बराबरको रकम उद्यमीको तर्फबाट ब्यहोर्नेगरी लागत साझेदारीमा मेसिन खरिद गरी हस्तान्तरण गरिनेछ।



मुख्यमन्त्री

ख) प्रविधि प्राप्त गर्ने नयाँ वा स्थापित उद्योग र उनीहरुले प्राप्त गर्ने मेसिन औजारको उद्यमीले २० प्रतिशत लागत सहभागिता वापतको रकम कोष तथा लेखा नियन्त्रक कार्यालय प्रदेश इकाईको विविध खातामा जम्मा गरेपश्चात मात्र उद्यमीको साझेदारी भएको मानिनेछ।

ग) नयाँ वा स्थापित उद्योगीको तर्फबाट जम्मा भएको २० प्रतिशत लागत सहभागिताबापतको रकम र कार्यालयको बजेटबाट ८० प्रतिशत बराबरको रकम गरी कार्यालयले सम्बन्धित आपूर्तिकर्तालाई भुक्तानी गर्नेछ।

घ) प्रविधि सहयोग प्राप्त गर्नको लागि आवश्यक पर्ने स्थापित उद्योगी तथा नयाँ उद्यमी आफ्नो व्यवसायको कार्ययोजना तयार गरी पेश गर्नुपर्नेछ। कार्यालयले आवश्यक मापदण्ड बनाई प्रस्ताव माग गरी प्राप्त प्रस्तावहरुलाई सोही अनुसार मूल्याङ्कन गरी प्रविधि हस्तान्तरण गरिनेछ।

ङ) कार्यालयले प्रविधि हस्तान्तरण कार्य सम्पन्नताको प्रतिवेदन तयार गरी निर्देशनालय र मन्त्रालयमा पठाउनु पर्नेछ।

च) मन्त्रालय, निर्देशनालय, जिल्लास्थित कार्यालयले प्रविधि प्राप्त गरेका उद्योगहरुको स्थलगत कार्यसञ्चालनको अनुगमन गर्ने।

**३.३ नेपाली हाते कागज उद्योग स्थापनाका लागि अनुदान**

प्रदेशभित्रका कागज उद्योगहरुको स्थापना तथा विकास गर्न कागज उद्योगहरुलाई प्याकेजमा अनुदान उपलब्ध गराई उद्योगको व्यावसायिक विकासमा सहयोग गर्दै उद्योगहरुको प्रवर्द्धन तथा रोजगारी श्रृजना गर्ने यस कार्यक्रमको उद्देश्य रहेकोछ। यो कार्यक्रम निम्नानुसार सञ्चालन गरिनेछः

(क) यस कार्यक्रममा कागज उद्योगको स्थापना तथा सञ्चालनका लागि मेसिनरी उपरण खरिद तथा उद्योगको संरचना निर्माणका लागि ५० प्रतिशत लागत साझेदारीमा बढीमा २५ लाखसम्म अनुदान सहयोग गरिनेछ। तर एकल प्याकेजको हकमा एउटै उद्यमीलाई सबै रकम उपलब्ध गराउन समेत सकिनेछ।

(ख) सूचना प्रकाशन तथा प्रस्ताव आव्हानः कार्यक्रम सञ्चालन गर्न इच्छुक उद्योगहरुबाट कार्यक्रम सञ्चालन गर्न योग्यता पुगेका उद्योगबाट प्रस्ताव माग गर्न राष्ट्रिय दैनिक पत्रिकामा कम्तिमा १५ दिनको म्याद दिई सूचना प्रकाशित गरिनेछ।

कार्यक्रम सञ्चालनका लागि आवेदन दिँदा देहाय बमोजिमका कागजातहरु पेश गर्नुपर्नेछः-

१. उद्योग दर्ताको प्रमाणपत्र
२. स्थायी लेखा नम्बर
३. करचुक्ता प्रमाणपत्र (सञ्चालित उद्योगको हकमा)
४. स्थापना तथा स्तरोन्नति गर्न चाहने उद्योगको व्यावसायिक योजना
५. सोही प्रकृतिको अनुदान नलिएको सम्बन्धी स्वघोषणा पत्र

(ग) उद्योग छनौटः पेश भएका प्रस्तावहरुको मूल्याङ्कन गरी सिफारिस गर्न निम्न बमोजिमको मूल्याङ्कन समिति रहनेछः

| | |
|---|---|
| उद्योग प्रवर्द्धन महाशाखा प्रमुख | सयोजक |
| प्रदेशको आर्थिक विषय हेर्ने मन्त्रालयको अधिकृत प्रतिनिधि | सदस्य |



मुख्यमन्त्री

| | |
|---|---|
| मन्त्रालयको कानून अधिकृत | सदस्य |
| मन्त्रालयको आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| उद्योग प्रवर्द्धन शाखा प्रमुख | सदस्य-सचिव |

*समितले आवश्यकतानुसार विज्ञहरुलाई आमन्त्रण गर्न सक्नेछ।*

**मूल्याङ्कनका आधारहरु:**

अनुदान पाउने उद्योग छनौट गर्दा मूल्याङ्कनका अधारहरु देहाय बमोजिम हुनेछन्:

| क्र.सं. | सूचक | अकंभार |
|---|---|---|
| १ | चालु आ.व.मा दर्ता भएको उद्योग | १० |
| | अन्य | ८ |
| २ | प्रदेशबाहिर निकासी गर्नसक्ने उद्योग स्थापना | १० |
| | अन्य | ८ |
| ३ | स्थानीय कच्चा पदार्थको उपयोग | २० |
| | अन्य | १६ |
| ४ | महिला दलित जनजाति, मधेशीद्वारा सञ्चालित उद्योग | १५ |
| | अन्य | १२ |
| ६ | रोजगारी श्रृजना (१० जना वा सोभन्दा बढी) | १० |
| | रोजगारी श्रृजना १० जनाभन्दा कम | ८ |
| | विदेशमा काम गरेर फर्केको व्यक्तिले सञ्चालन गरेको वा गर्न चाहेको उद्योग | १० |
| | अन्य | ८ |
| | आयात प्रतिस्थापनमा सहयोग गर्ने उद्योग | १५ |
| | अन्य | १२ |
| ९ | वातावरणीय मैत्री उद्योग | ५ |
| १० | अपाङ्गता भएका व्यक्ति भएमा | ५ |

५० वा सोभन्दा बढी अंक प्राप्त गर्ने उद्योगहरुलाई मात्र छनौट गरिनेछ।

(घ) भुक्तानी प्रक्रिया: अनुदान रकमको भुक्तानी प्रक्रिया निम्नानुसार हुनेछः-

१. मूल्याङ्कनबाट छनौट भएका अनुदानग्राही र मन्त्रालयबीच मन्त्रालयले तोकेको ढाँचामा द्विपक्षीय सम्झौता गरी कार्यक्रम सञ्चालन गरिनेछ।

२. सम्झौता गर्दाका बखत मन्त्रालयमा पेश गरेको कार्ययोजना बमोजिम तोकिएको मापदण्ड अनुसार दर्तावाला फर्म/संस्थाबाट खरिद गरेका मेसिन उपकरणको बिल र संरचना निर्माणको प्राविधिक मूल्याङ्कनका आधारमा अनुदान रकम उपलव्ध गराइनेछ।

३. छनौटमा परेको उद्योगले भुक्तानी माग गर्दा कामको प्रगतिको फोटो, बिल, भरपाई, स्थानीय तहको आवश्यक सिफारिस लगायतका कागजातसमेत पेश गर्नुपर्नेछ।



गुरुयामक्री

४.	अनुदान रकम सञ्चालन तथा व्यवस्थापन लगायतका चालु खर्चमा प्रयोग गर्न पाइनेछैन।

५.	प्रतिवेदनबाट सम्झौताको शर्त अनुसार अनुदानको रकम उद्योगीको बैंक खातामा दिइनेछ।

(ङ)	आवश्यकता अनुसार सम्बन्धित निकायबाट अनुगमन गर्न सक्नेछ।

**३.४	आधुनिक प्रविधि भित्राउने उद्योगलाई अनुदान**

जिल्लास्तरमा आधुनिक प्रविधि भित्राउने उद्योगलाई उद्योगको विकास र विस्तारमा टेवा पुऱ्याई रोजगारी सृजना गरी गरिवी न्यूनीकरणमा सहयोग गर्ने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिनेछ। चालु आ.व. मा घरेलु तथा साना उद्योग कार्यालयले सञ्चालन गरेको सीप विकास तालिमका प्रशिक्षार्थीहरुलाई तालिमको सम्बन्धित शीर्षकबाट आधुनिक प्रविधि हस्तान्तरण गर्न रकम अपुग भएमा यस कार्यक्रमबाट समेत प्रविधि हस्तान्तरणमा सहयोग गर्न सकिनेछ र प्रचलित कानून बमोजिम दर्ता भई सञ्चालनमा रहेका आधुनिक प्रविधि भित्राउने लघु, घरेलु तथा साना उद्योगहरुका लागि आवश्यक प्रविधि (मेसिन औजार) प्रचलित कानून बमोजिम खरिद गरी लागत साझेदारीमा उपलब्ध गराउन सकिनेछ।

- प्रविधि (मेसिन उपकरण) हस्तान्तरण गर्दा प्रशिक्षार्थी वा उद्योगलाई हस्तान्तरण हुने मेसिन उपकरणको खरिद कूल मूल्यको ८० प्रतिशत रकम कार्यालयले र २० प्रतिशत बराबरको रकम उद्यमीको तर्फबाट व्यहोर्नेगरी लागत साझेदारीमा मेसिन खरिद गरी हस्तान्तरण गरिनेछ।
- प्रविधि प्राप्त गर्ने प्रशिक्षार्थी वा उद्योग र उनीहरुले प्राप्त गर्ने मेसिन औजारको उद्यमीले २० प्रतिशत लागत सहभागिताबापतको रकम कोष तथा लेखा नियन्त्रक कार्यालय प्रदेश इकाईको विविध खातामा जम्मा गरेपश्चात मात्र उद्यमीको साझेदारी भएको मानिनेछ।
- प्रशिक्षार्थी वा उद्योगीको तर्फबाट जम्माभएको २० प्रतिशत लागत सहभागिता वापतको रकम र कार्यालयको बजेटबाट ८० प्रतिशत बराबरको रकम गरी कार्यालयले सम्बन्धित आपूर्तिकर्तालाई भुक्तानी गर्नेछ।
- प्रविधि सहयोग प्राप्त गर्नको लागि आवश्यक पर्ने उद्योगी तथा प्रशिक्षार्थीहरुले आफ्नो व्यवसायको कार्ययोजना तयार गरी पेश गर्नुपर्नेछ। यसका आधारमा प्रविधि हस्तान्तरण गरिनेछ।
- चालु आ.व मा तालिम लिएका प्रशिक्षार्थीहरुलाई तालिम समापन पश्चात आवश्यकता अनुसार प्रविधि सोझै खरिद गरी हस्तान्तरण गर्न सकिने तर चालु आ.व मा तालिम लिएका प्रशिक्षार्थीहरुबाहेकका अन्य उद्योगहरुलाई प्रविधि हस्तान्तरण गर्दा कार्यालयले प्रस्ताव माग गरी प्राप्त प्रस्तावहरुको निम्नानुसारका आधारमा तपसिलमा उल्लेखित समितिबाट मूल्याङ्कन गरी कम्तिमा ५० अङ्क प्राप्त गर्ने उद्योगलाई प्रविधि हस्तान्तरण गर्ने।

<u>मूल्याङ्कनका आधारहरु</u>

| क्र.स. | मूल्याङ्कनका आधार | पूर्णाङ्क |
|---|---|---|
| १ | **समावेशी उद्योग** | १० |
| १.१ | एकल महिलाबाट सञ्चालित उद्योग | १० |
| १.२ | महिलाले सञ्चालन गरेको उद्योग | ८ |
| १.३ | पुरुषले सञ्चालन गरेको उद्योग | ६ |



मुख्यमन्त्री

| | | | |
|---|---|---|---|
| २ | अपाङ्गता भएका ब्यक्तिले सञ्चालन गरेको उद्योग | | ५ |
| ३ | दलित वा अल्पसंख्यक समुदायका ब्यक्तिबाट सञ्चालित उद्योग | | ५ |
| ४ | सञ्चालित उद्योग | | १० |
| ४.१ | वैदेशिक रोजगारीबाट फर्केको २ बर्ष ननाघेका ब्यक्तिबाट सञ्चालित उद्योग | १० | |
| ४.२ | अन्य ब्यक्तिबाट सञ्चालित उद्योग | ८ | |
| ५ | स्थानीयस्तरमा आधारित कच्चा पदार्थबाट सञ्चालित उद्योग | | १० |
| ६ | रोजगारी श्रृजना | | १५ |
| ६.१ | ५ जना भन्दा बढी रोजगारी भए | १५ | |
| ६.२ | ५जना वा सो भन्दा कम रोजगारी भए | १० | |
| ७ | वातावरणीय व्यवस्थापन गरिएको उद्योग | | ५ |
| ८ | स्वास्थ्य सुरक्षा प्रबन्ध मिलाईएको उद्योग | | ५ |
| ९ | आयात प्रतिष्थापनमा सहयोग गर्ने प्रकारको उद्योग | | १० |
| १० | स्थानीय उपभोगका बस्तु उत्पादन गर्ने उद्योग | | १० |
| ११ | नविन सोचमा आधारित उद्योग | | ५ |
| १२ | अत्यावश्यक बस्तु भनि तोकिएका बस्तु उत्पादन गर्ने उद्योग | | १० |
| | | कूल जम्मा | १०० |

- पेश भएका प्रस्तावहरुको मूल्याङ्कन गरी सिफारीस गर्न निम्न बमोजिमको मूल्याङ्कन समिति रहनेछः

  प्रमुख उद्योग अधिकृत/उद्योग अधिकृत — संयोजक
  जिल्ला समन्वय समितिको कर्मचारी प्रतिनिधि — सदस्य
  को.ले.नि.का.को प्रतिनिधि — सदस्य
  कार्यालय प्रमुखले तोकेको एक जना कर्मचारी — सदस्य-सचिव

  समितले आवश्यकतानुसार विज्ञहरुलाई आमन्त्रण गर्न सक्नेछ।
- कार्यालयले प्रविधि हस्तान्तरण कार्य सम्पन्नताको प्रतिवेदन तयार गरी निर्देशनालय र मन्त्रालयमा पठाउनुपर्नेछ।
- यस कार्यक्रममा कार्यान्वयन दरने क्रममा नियमानुसार ४ प्रतिशत सम्म प्रशासनिक खर्च गर्न सकिनेछ।
- मन्त्रालय, निर्देशनालय, जिल्लास्थित कार्यालयले प्रविधि प्राप्त गरेका उद्योगहरुको स्थलगत कार्य सञ्चालनको अनुगमन गर्ने।

### ३.५ उद्यमी महिलासँग अन्तर-जिल्ला अन्तर्क्रिया गोष्ठी

प्रदेशस्तरका महिला उद्यमीहरुसँग तथा तिनका संघ-संगठनहरुसँग सरकारका नीति, कार्यक्रम, प्रदेशमा महिला उद्यमीहरुको अवस्था, सम्भावनाका क्षेत्र, समस्या तथा चुनौती जस्ता विषयमा छलफल एवं अन्तर्क्रिया गरी समाधानको पहल गरी औद्योगिक प्रवर्द्धनमा टेवा पुऱ्याउने उद्देश्यले यो कार्यक्रम

सञ्चालन गरिनेछ। उद्योग, पर्यटन तथा यातायात व्यवस्था मन्त्रालयबाट यो कार्यक्रम देहाय बमोजिम कार्यान्वयन गरिनेछः

- स्थान छनौट,
- सहभागीहरुलाई पत्राचार तथा छनौट,
- अभिमुखीकरण कार्यक्रम सञ्चालन,
- यस कार्यक्रमको रकम दैनिक भ्रमणभत्ता, प्रशिक्षक खर्च, यातायात खर्च, स्टेशनरी खाजा खर्च तथा हल भाडा लगायतमा खर्च गर्न सकिनेछ,
- कार्यक्रममा प्रस्तुत भएका सुझावहरु समावेश गरी प्रतिवेदन तयार गर्ने।

**३.६ उद्योगी व्यवसायीहरुसँग प्रदेशस्तरीय अन्तर्क्रिया कार्यक्रमः**

प्रदेशमा सञ्चालित लघु घरेलु तथा साना उद्यमी तथा तिनका संघ-संगठनसँग सरकारका नीति, कार्यक्रम, उद्योग क्षेत्रका सम्भावना र चुनौति जस्ता विषयमा अन्तर्क्रिया गरी समाधानको पहल गरी औद्योगिक प्रबर्द्धनमा टेवा पुऱ्याउने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिनेछ। उद्योग, पर्यटन तथा यातायात व्यवस्था मन्त्रालयबाट यो कार्यक्रम देहाय बमोजिम कार्यान्वयन गरिनेछः

- स्थान छनौट,
- सहभागीहरुलाई पत्राचार तथा छनौट,
- अभिमुखीकरण कार्यक्रम सञ्चालन,
- यस कार्यक्करमको रकम दैनिक भ्रमण भत्ता, प्रशिक्षक खर्च, यातायात खर्च, स्टेशनरी खर्च तथा खाजा खर्च, हल भाडा लगायतमा खर्च गर्न सकिनेछ,
- कार्यक्रममा प्रस्तुत भएका सुझावहरु समावेश गरी प्रतिवेदन तयार गर्ने।

**३.७ विभिन्न दिवश समारोह**

ऐतिहासिक जानकारी तथा उद्योग स्थापना सम्बन्धी प्रचारप्रसार गरी जनचेतना अभिबृद्धि गर्ने।

- विभिन्न दिवश मनाउन अन्य कार्यालय तथा सरोकारवाला संघ-संस्थालाई कार्यक्रमबारे जानकारी गराई तैयारी गर्ने,
- प्रचारप्रसार गर्ने,
- दिवशको दिन भेला वा गोष्ठी वा प्रदर्शनी वा प्रभातफेरी, उद्यमी सम्मान, उपभोक्ता सम्मान, सेवाग्राही सम्मान लगायतका कार्यक्रम सञ्चालन गर्न सकिनेछ,
- निर्धारित मितिमा दिवशहरु मनाउनुपर्नेछ,
- यस कार्यक्रमबाट हलभाडा, कार्यपत्र, स्टेशनरी, खाना, खाजा, आतेजाते, प्रतिवेदन लगायत क्रियाकलापमा खर्च गर्न सकिनेछ।

**३.८ उत्कृष्ट उद्यमी सम्मान प्याकेज**

नेपाली नागरिकद्वारा सञ्चालित नमूना तथा उदाहरणीय काम गरिरहेका उद्यमीहरुमध्येबाट छनौट गरी उत्कृष्ट उद्यमी सम्मान प्रदान गरी उनीहरुलाई प्रोत्साहन गर्ने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिनेछ। उद्योग, पर्यटन तथा यातायात व्यवस्था मन्त्रालयबाट यो कार्यक्रम देहाय बमोजिम कार्यान्वयन गरिनेछ।

- मापदण्ड तयार गर्ने,

- सूचना प्रकाशन गर्ने,
- उद्यमीहरु छनौट गर्ने,
- सम्मान कार्यक्रम आयोजना गरी उद्यमीहरुलाई सम्मान गर्ने,
- यो कार्यक्रमको रकम सम्मान कार्यक्रमको योजना, स्टेशनरी, खाना, खाजा, पुरस्कार प्रमाणपत्र छपाई लगायतका कार्यहरुमा खर्च गरिनेछ।

**३.९ स्थानीय उत्पादन मा आधारित कोशेली घर सञ्चालनमा सहयोग**

स्थानीय उत्पादनको स्थानीयस्तरमै बजारीकरण गर्न कोशेली घर सञ्चालन गर्ने यस कार्यक्रमको उद्देश्य रहेको छ। यो कार्यक्रम निम्नानुसार कार्यान्वयन गरिनेछः

- सूचना प्रकाशन गरी वा स्थानीय तहसँगको समन्वयमा स्थान छनौट गर्ने,
- फर्म वा संस्था छनौट गर्ने र सम्झौता गर्ने,
- गत विगत बर्षहरुमा कार्यालयद्वारा स्थापित कोशेली घरहरुलाई समेत विकास र विस्तारको लागि मागका आधारमा आवश्यक अध्ययन गरी सहयोग गर्न सकिनेछ,
- कोशेली घरमा स्वदेशी पर्यटकीय बस्तु तथा स्थानीय कृषक तथा उद्यमीले उत्पादन गरेका बस्तुबिक्रिवितरण गर्नुपर्नेछ,
- कोशेली घर सञ्चालनको लागि सूचना प्रकाशन, लाभग्राही छनौट, घरभाडा तथा आवश्यक फर्निचरहरुको खरिदमा रकम खर्च गर्न सकिनेछ,
- प्रतिवेदन तयार गरी मन्त्रालय र निर्देशनालय मा पेश गर्ने।

**३.१० बाणिज्य तथा उद्योग सम्बन्धी कानून कार्यविधि निर्देशिका र तालिम पाठ्यक्रम निर्माण तथा परिमार्जन**

मन्त्रालयद्वारा प्रदेशमा बाणिज्य तथा आपूर्ति व्यवस्थापन र उद्योग प्रवर्द्धन सम्बन्धी आवश्यक सहजता तथा कानूनी रिक्तताको पूर्ति गर्ने उद्देश्यले आवश्यक छलफल गोष्ठी बैठक आयोजना गर्ने र सोही अनुसार ऐन, कानून, कार्यविधि तयार गर्ने उद्देश्यले यो कार्यक्रम गरिनेछ। यो कार्यक्रमको रकम आवश्यक छपाई, खाना, खाजा, कार्यपत्र, भत्ता लगायतका कार्यहरुमा खर्च गर्न सकिनेछ।

**३.११ ठूला उद्यमीहरुसँग अन्तर्क्रिया**

प्रदेशस्तरका ठूला उद्यमीहरुसँग तथा तिनका संघ संगठनहरुसँग सरकारका प्रदेशमा ठूला उद्योगको दर्ता लगायतको प्रशासनिक व्यवस्थापन, नीति कार्यक्रम तथा उद्योग क्षेत्रका सम्भावना, समस्या तथा चुनौतिजस्ता विषयमा छलफल एवं अन्तर्क्रिया गरी समाधानको पहल गरी औद्योगिक प्रवर्द्धनमा टेवा पुऱ्याउने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिनेछ। उद्योग, पर्यटन तथा यातायात व्यवस्था मन्त्रालयबाट यो कार्यक्रम देहाय बमोजिम कार्यान्वयन गरिनेछः

- स्थान छनौट,
- सहभागीहरुलाई पत्राचार तथा छनौट,
- अभिमुखीकरण कार्यक्रम सञ्चालन,
- कार्यक्रममा प्रस्तुत भएका सुझावहरु समावेश गरी प्रतिवेदन तयार गर्ने,

- यस कार्यक्रमको रकम दैनिक भ्रमणभत्ता, प्रशिक्षक खर्च, यातायातखर्च, स्टेशनरी खर्च तथा खाजा खर्च, हलभाडा लगायतमा खर्च गर्न सकिनेछ।

**३.१२ उद्यम विकास कोष व्यवस्थापन (लघु, घरेलु तथा साना उद्योग प्याकेज)**

उद्यम विकास कोष सञ्चालन नियमावली बमोजिमका कार्यहरुको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यहरुलाई प्रभावकारी तवरले सम्पादन गर्ने प्रयोजनले यो कार्यक्रम सञ्चालन गरिनेछ। नियमावलीमा व्यवस्था भए बमोजिमका कार्यहरुमा यस कार्यक्रमको रकम खर्च गरिनेछ।

**३.१३ मझौला तथा ठूला उद्योगहरुको प्रशासन तथा व्यवस्थापन**

प्रदेशमा मझौला तथा ठूला उद्योगहरुको प्रशासन तथा व्यवस्थापन गर्ने प्रयोजनले विभिन्न समूहगत छलफल, गोष्ठी आयोजना गरिनेछ र यो कार्यक्रमको रकम त्यस्ता कार्यहरुको सञ्चालन गर्दाको खाजा, खाना, यातायात, छपाई लगायत आवश्यक अन्य प्रशासनिक कार्यमा खर्च गरिनेछ।

**३.१४ हलेदो उद्योग प्रवर्द्धन एवं संरक्षण**

हलेदो उद्योग प्रवर्द्धनका लागि अनुदान सहयोग उपलब्ध गराउन यो कार्यक्रम निम्नानुसार कार्यान्वयन गरिनेछ।

- लागत अनुमान तयारी तथा सूचना प्रकाशन गरी प्रस्ताव माग गर्ने,
- प्रस्ताव मूल्याङ्कन गर्ने,
- सार्वजनिक खरिद विधि अनुसार प्रविधि खरिद तथा हस्तान्तरण।

**३.१५ उद्यम सीपमूलक तथा प्रविधि सहयोग**

समुदायका ब्यक्तिहरुलाई सीप विकास तालिम र आवश्यकता अनुसार प्रविधि हस्तान्तरणको माध्यमबाट स्वरोजगार र आत्मनिर्भर बनाउने यस कार्यक्रमको उद्देश्य रहेको छ। यस कार्यक्रमबाट प्रत्येक जिल्लामा कम्तिमा १५ जना सदस्यहरु लाभान्वित हुनेछन्।

क) **सहभागी छनौट** :सहभागी छनौटका निम्न सूचकहरु तयार गर्ने र स्थानीय तहसँगको समन्वय वा सूचना प्रकाशन गरी तालिमका सहभागीहरुको छनौट गरिनेछ।

- १८ वर्ष पुरा भएको नेपाली नागरिक,
- साधारण लेखपढ गर्न सक्ने,
- सीप विकास तालिम पश्चात व्यवसाय सञ्चालन गर्ने प्रतिवद्धता व्यक्त गरेको।

ख) **तालिमकार्यक्रमः**

- सहभागीर तालिम दिइने विषय निर्धारण भएपछि कार्यालयले तालिमको कार्यक्रम बनाउने,
- लागत अनुमान तयार गर्ने,
- यस कार्यक्रमको बजेट तालिमको लागि सहभागी छनौट, प्रशिक्षक पारिश्रमिक, प्रशिक्षकको यातायात, हलभाडा, सहभागीको आवास, खाना, खाजा, आतेजाते, उद्यमशीलता विकास तालिम, सिपमूलक तालिम, तालिमका प्रशिक्षण सामग्री, तालिमको लागि कच्चामाल, ढुवानी, स्टेशनरी, उद्धाटन तथा समापन, अनुगमन, तालिम पश्चात हस्तान्तरण गरिने प्रविधि, दैनिक भ्रमणभत्ता, तालिम संयोजक भत्ता, ईन्धन, सञ्चार, प्रमाणपत्र छपाई, प्रतिवेदन लगायतका आवश्यक क्रियाकलापहरुमा खर्च गर्न सकिनेछ,
- सहभागीहरुलाई तालिम सञ्चालन सम्बन्धमा सूचना दिने,



मुख्यमन्त्री

➢ तालिम सञ्चालन गर्ने,

➢ तालिम समापन भएपछि सहभागीलाई प्रमाणपत्र प्रदान गर्ने।

**ग) प्रविधि हस्तान्तरण**

➢ तालिम कार्यक्रम सञ्चालन गर्दा तथा तालिमको समाप्ती पश्चात् उद्योग व्यवसाय स्थापनामा सहयोग होस् भन्ने उद्देश्यले प्रशिक्षार्थीहरुलाई आवश्यक पर्ने प्रविधि (मेसिन औजार उपकरण) खरिद गरी हस्तान्तरण गर्न सकिनेछ,

➢ प्रविधि प्राप्त गर्ने लाभग्राहीहरुले प्राप्त गर्ने मेशिन औजारको लागत साझेदारी वापतको २० प्रतिशत रकम कोष तथा लेखा नियन्त्रक कार्यालय प्रदेश ईकाईको विविध खातामा जम्मा गरेपश्चात मात्र उद्यमीको साझेदारी भएको मानिनेछ,

➢ नयाँ वा स्थापित उद्योगी वा सम्भाव्य उद्यमीको तर्फबाट जम्माभएको २० प्रतिशत लागत सहभागिता वापतको रकम र कार्यालयको बजेटबाट ८० प्रतिशत बराबरको रकम गरी कार्यालयले सम्बन्धित आपूर्तिकर्तालाई भुक्तानी गर्नेछ।

**घ) कार्य सम्पन्न तथा प्रगति प्रतिवेदनः** कार्य सम्पन्न भए पश्चात निम्न विवरण खुलाई प्रतिवेदन तयार गरी निर्देशनालय र मन्त्रालय मा पठाउने।

➢ तालिमका सहभागीहरुको विवरण,

➢ तालिम सम्पन्न गर्नेहरुको विवरण,

➢ प्रविधि प्रविधि हस्तान्तरण सम्बन्धी विवरण।

### ३.१६ योजना तर्जुमा गोष्ठी (मन्त्रालय)

उद्योग, पर्यटन तथा यातायात व्यवस्था मन्त्रालय र मातहतका कार्यालयहरुबाट सम्पादन हुने कार्यक्रमहरुको योजना तर्जुमा गर्ने उदेश्यले उद्योग, पर्यटन तथा यातायात व्यवस्था मन्त्रालयबाट यो कार्यक्रम सञ्चालन गरिनेछ। यो कार्यक्रमको रकम आवश्यकता अनुसार यातायात, स्टेशनरी, आवाश, खाना, खाजा लगायतमा खर्च गर्न सकिनेछ।

### ३.१७ चौमासिक र बार्षिक प्रगति समीक्षा गोष्ठी (निर्देशनालय)

लक्ष्य अनुसारको प्रगति हासिल भए नभएको समीक्षा गर्नु यस कार्यक्रमको उद्देश्य रहेको छ। मन्त्रालय र मातहतका कार्यालयहरुको उपस्थितिमा निर्देशनालयले चौमासिक तथा बार्षिक प्रगति समीक्षा गोष्ठीको आयोजना गर्नुपर्नेछ।

### ३.१८ लघु घरेलु तथा साना उद्योगहरुको अनुगमन निरीक्षण, सहजीकरण र प्रतिवेदन

प्रदेशमा सञ्चालनमा रहेका उद्योगहरुले उत्पादन गर्ने बस्तु तथा सेवाहरुको गुणस्तरीयता कायम गरी बजारमा आपूर्ति सुनिश्चितता गराउन उद्योगहरुको उद्योग, पर्यटन तथा यातायात व्यवस्था मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय तथा जिल्लास्थित घरेलु तथा साना उद्योग कार्यालयहरुबाट नियमित अनुगमन निरीक्षण गरी नियमन तथा सहजीकरण गर्नु यस कार्यक्रमको उद्देश्य रहेको छ। यस कार्यक्रममा निम्नानुसारका क्रियाकलापहरु गरिनेछ।

➢ आवश्यकता अनुसार उद्योगहरुको अनुगमन निरीक्षण गरिनेछ,

➢ निरीक्षणको क्रममा देखिएका सुधार गर्नुपर्ने कुराहरुमा सल्लाह सुझाव दिन,



मुख्यमन्त्री

- अनियमितता देखिएमा आवश्यक कारवाही गर्ने,
- उद्योग अनुगमनको बार्षिक प्रतिवेदन तयार गर्ने।

## ३.१९ उद्यमीहरुलाई व्यावसायिक योजना तयारी र ऋण प्राप्ति प्रक्रिया सम्बन्धी सहजीकरण

जिल्लास्तरमा सञ्चालित उद्यमीहरु वा उद्यम व्यवसाय शुरु गर्न चाहने व्यक्तिहरुलाई व्यावसायिक योजना तयारी गर्न सहयोग पुऱ्याउनु यस कार्यक्रमको मुख्य उद्देश्य रहेको छ।

१. यस कार्यक्रम अन्तर्गत कार्यालयले व्यावसायिक योजना तयारी तथा ऋण प्राप्ति सम्बन्धी १ दिने सहजीकरण कार्यक्रम सञ्चालन गर्नेछ।

क. कार्यक्रम सञ्चालन विधि, प्रक्रिया

- स्थान छनौट,
- सहभागीहरुको छनौट,
- लागत अनुमान तयार गर्ने (यस कार्यक्रमको बजेट तालिमको लागि सहभागी छनौट, प्रशिक्षक पारिश्रमिक, प्रशिक्षकको यातायात, हलभाडा, सहभागीको आवास, खाना, खाजा, आतेजाते, व्यावसायिक योजना सीप विकास तालिम, तालिमका प्रशिक्षण सामग्री, स्टेशनरी, उद्घाटन तथा समापन, दैनिक भ्रमण भत्ता, ईन्धन, सञ्चार, प्रतिवेदन लगायतका आवश्यक क्रियाकलापहरुमा खर्च गर्न सकिनेछ),
- कार्यक्रम सञ्चालन,
- प्रतिवेदन तयार गरी मन्त्रालय  र निर्देशनालयमा पेश गर्ने।

## ३.२० मन्त्रालय अन्तर्गत भएका क्रियाकलापको बृतचित्र तयारी तथा प्रचारप्रसार

उद्योग, पर्यटन तथा यातायात व्यवस्था मन्त्रालयले सम्पादन गरेको क्रियाकलापहरुबारे जनसमुदायलाई जानकारी गराउन तथा प्रचारप्रसार गर्नका लागि मान्त्रालय तथा मातहतका निकायहरुबाट सम्पादन भएका क्रियाकलापहरुको बृतचित्र तयार गरिनेछ। मन्त्रालयबाट यो कार्यक्रम निम्नानुसार कार्यान्वयन गरिनेछ।

- लागत अनुमान तयार तथा सूचना प्रकाशन गर्ने,
- सार्वजनिक खरिद विधि बमोजिम प्रस्ताव मूल्याङ्कन तथा छनौट गर्ने,
- सम्झौता गर्ने,
- मेसिन उपकरण खरिद तथा हस्तान्तरण गर्ने,
- प्रतिवेदन तयार गरी सम्बन्धित निकायमा पठाउने।

## ३.२१ उत्पादित बस्तुको गुणस्तर र लेवलिङ सम्बन्धी अन्तर्क्रिया

जिल्लास्तरमा उत्पादित बस्तुको गुणस्तर र लेवलिङ तथा प्याकेजिङ सम्बन्धमा उद्योगी तथा उपभोक्ताहरुलाई जनचेतना फैलाउने उद्देश्यले १ दिने सचेतना अभिमुखीकरण तालिम सञ्चालन गर्नु यस कार्यक्रमको मुख्य उद्देश्य रहेको छ।

- कार्यक्रम सञ्चालन विधि र प्रक्रिया
  - स्थान छनौट,
  - सहभागीको छनौट,
  - कार्यक्रम सञ्चालन,



मुख्यमन्त्री

❖ कार्यक्रममा प्रस्तुत भएका सुझावहरु समावेश गरी प्रतिवेदन तयार गरी मन्त्रालय र निर्देशनालयमा पठाउने।

**३.२२ मोबाइल एप्स तथा कम्प्यूटर सफ्टवेयर निर्माण तथा खरिद खर्च**

उद्योग, बाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालयले विगत आ. व. मा निर्माण गरेको उद्योग दर्ता सम्बन्धी कम्प्युटर सफ्टवेयर तथा उद्योग दर्ता सहजीकरण प्रक्रियालाई सरल, सहज, सुव्यवस्थित र प्रविधिमैत्रि बनाउन नया मोबाइल एप्स प्रविधि सञ्चालन गरिनेछ। यसको लागि निम्न कार्य गरिनेछ।

(क) मोबाइल एप्स/सफ्टवेयर अनलाइन भर्सनमा सञ्चालन गर्न सेवा प्रदायक छनौट गरी सम्झौता गरेर आवश्यक कार्यहरु गर्ने,

(ख) मोबाइल एप्स/सफ्टवेयर सञ्चालनको लागि सम्बन्धित कर्मचारीहरुलाई तालिम दिने,

(ग) निर्देशनालय र १२ वटै घरेलु कार्यालयहरुमा यो मोबाइल एप्स/सफ्टवेयर कार्यान्वयन गर्ने। मोबाइल एप्स/सफ्टवेयर सञ्चालनमा आइपर्ने प्राविधिक समस्याहरुको समाधान मोबाइल एप्स/सफ्टवेयर निर्माण गर्ने सेवा प्रदायकमार्फत निर्देशनालयले गर्नुपर्ने।

**३.२३ औद्योगिक ग्रामहरुको विस्तृत परियोजना प्रतिवेदन तयारी (वातावरणीय अध्ययनसमेत)**

औद्योगिक ग्रामहरुको विस्तृत परियोजना प्रतिवेदन तयारी वातावरणीय अध्ययन गर्ने कार्यका लागि सेवा प्रदायक संस्था छनौट गरेर लागत अनुमान तयार गर्ने र सार्वजनिक खरिद प्रक्रिया अनुसार सम्झौता गरी कार्य सम्पन्न प्रतिवेदनका आधार मा भुक्तानी गरिनेछ।

**३.२४ घोषित औद्योगिक ग्रामहरुको सार्वजनिक निर्माणमा सहयोग (अन्य सार्वजनिक निर्माण)**

सरकारबाट यसअघि विभिन्न समयमा घोषणा भई सम्भाव्यता अध्ययन् भएका औद्योगिक ग्रामहरुमा सम्भाव्यता अध्ययन बमोजिमका पूर्वाधार एवं संरचना निर्माण गरी औद्योगिक ग्रामको सञ्चालनमा सहयोग पुर्‍याउनु यस कार्यक्रमको उद्देश्य रहेको छ। यो कार्यक्रम देहाय बमोजिम कार्यान्वयन गरिनेछः

➢ प्राथमिकताका आधारमा विस्तृत परियोजना प्रतिवेदनमा उल्लेखित संरचना निर्माणका लागि निर्माण गर्नुपर्ने संरचनाहरुको एकीन गर्ने,

➢ लागत अनुमान तयार गर्ने,

➢ सार्वजनिक खरिद कानून बमोजिम निर्माणकर्ता छनौट गरी सम्झौता गर्ने,

➢ सम्झौता बमोजिम कार्य सम्पन्न भएपश्चात प्राविधिकद्वारा मूल्याङ्कन नगराई अनुगमन गरी निर्माणकर्ता लाई रकम भुक्तानी दिने।